# नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड

## चौबीसौं वार्षिक साधारण सभाको विवरण/निर्णय (माइन्युट)

१) **वैधानिक सभा :**

नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि.को मिति २०७८ पौष ०२ गते बसेको सञ्चालक समितिको ८७५औं बैठकले कम्पनी ऐन, २०६३ एवं बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम मिति २०७८ साल पौष २९ गते सम्पन्न गर्ने गरी बोलाइएको बैंकको चौबीसौं वार्षिक साधारण सभा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को जोखिमबाट बच्न र बचाउन नेपाल सरकारले उपस्थितिमा तोकेको संख्याका कारण सूचना प्रविधिको प्रयोग गर्दै भर्च्यूअल (अनलाइन) माध्यमबाट सञ्चालक समितिका अध्यक्ष श्री उपेन्द्रकेशरी न्यौपानेको अध्यक्षतामा बसी देहाय बमोजिम छलफल एवं निर्णय गरी सभा सम्पन्न भयो ।

२) **सभाको मिति, स्थान र समय :**

मिति : २०७८ पौष २९ गते, बिहीवार (जनवरी १३, २०२२)
स्थान : बैंकको केन्द्रीय कार्यालय नजिकै रहेको होटल हार्दिक, बागबजार काठमाडौंबाट कोभिड - १९ को महामारीको विशेष परिस्थितिलाई दृष्टिगत गरी भर्च्यूअल (Virtual) माध्यमबाट ।
समय : बिहान ११:०० बजे देखि

३) **सभाको सूचना :**

बैंकको सञ्चालक समितिको २०७८ पौष ०२ गतेको ८७५औं सञ्चालक समितिको बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को व्यवस्था अनुसार प्रथम पटक मिति २०७७ पौष ४ गतेको कारोबार राष्ट्रिय दैनिकमा र दोस्रो पटक २०७७ पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी चौबीसौं वार्षिक साधारण सभा बोलाइएको र बैंकको वार्षिक साधारण सभाको सूचना तथा बैंकको आर्थिक वर्ष २०७७/०७८ को सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदनहरू, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण एवं प्रबन्धपत्रमा प्रस्तावित संशोधनका लागि तीन महले संशोधन प्रस्ताव शेयरधनीहरूको शेयरधनी अभिलेखमा उपलब्ध व्यक्तिगत ठेगानामा पठाईएको र उक्त विवरणहरू शेयरधनीहरूको जानकारीको लागि बैंकको वेभ-साइट www.nccbank.com.np मा राखिएको बारे कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

४) **सभाको विषय सूची :**

**(क) साधारण प्रस्तावहरू :**

(१) सञ्चालक समितिको चौबीसौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।

(२) आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू समेतको एकीकृत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।

(३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(४) यसै साधारण सभाको विशेष प्रस्तावको (ख) (१) अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजीको ८ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पेश भए अनुसार उक्त बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ प्रतिशतले हुन आउने रू. ४,३४,२९,५४४।- नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरू :**

(१) आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गर्ने । साथै, बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धमा ।

(२) बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने ।

२.१ प्रबन्धपत्रको दफा ५ मा रहेको पूँजीगत संरचनामा देहाय बमोजिम संशोधन गर्ने सम्बन्धमा ।

(क) बैंकको अधिकृत पूँजी रू. ११,५०,००,००,०००।- पुऱ्याउनु पर्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ग) बैंकको चुक्ता पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(३) बैंकको प्रबन्धपत्रमा भएका संशोधन सम्बन्धी विशेष प्रस्तावहरु सम्बन्धित नियामक निकायबाट स्वीकृति लिने क्रममा उक्त निकायहरुको निर्देशन अनुसार फेरबदल, परिमार्जन, थपघट गर्नु परेमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(४) नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज) वा प्राप्ति (एक्वीजिशन) गर्ने तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सहमति/सम्झौता गर्ने तथा सो सम्बन्धमा प्रचलित कानून, नियम अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध :

५) उपस्थिति :

(५.१) **सञ्चालक समितिका सदस्यहरू (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरूप) :**

| | |
|---|---|
| (क) श्री उपेन्द्रकेशरी न्यौपाने | अध्यक्ष |
| (ख) श्री मोहन बहादुर बस्नेत | सञ्चालक |
| (ख) श्री ईमान सिंह लामा | सञ्चालक |
| (घ) श्री चन्द्र प्रसाद बास्तोला | सञ्चालक |
| (ङ) श्री निशेष प्रधान | सञ्चालक |
| (च) श्री सुमन कुमारी जोशी | सञ्चालक |
| (छ) श्री राजाराम खड्का | सञ्चालक |

(५.२) **प्रमुख कार्यकारी अधिकृत**

(क) श्री रमेशराज अर्याल

(५.३) **कम्पनी सचिव**

(क) श्री बिश्वनाथ भट्टराई

(५.४) **आमन्त्रित पदाधिकारीहरू**

(क) श्री कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि श्री कमल प्रसाद निरौला (भर्च्यूअल माध्यमबाट)

(ख) श्री कम्पनी रजिष्ट्रार कार्यालयका प्रतिनिधि श्री दिवाकर शर्मा (भर्च्यूअल माध्यमबाट)

(ग) श्री सनराइज क्यापिटल लि. का प्रतिनिधि श्री विजय लाल श्रेष्ठ

(घ) श्री सनराइज क्यापिटल लि. का प्रतिनिधि श्री बिजेन्द्र न्यूच्छे प्रधान

(५.५) **प्रतिनिधि पदाधिकारी**

(क) श्री नागरिक लगानी कोषका प्रतिनिधि श्री अरूण पौडेल

(५.६) **बैंकका पदाधिकारी तथा कर्मचारीहरू**

| | | |
|---|---|---|
| (१) श्री बन्दना पाठक | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (२) श्री रेवन्त कुमार दाहाल | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (३) श्री सन्दिप प्रसाद पाण्डे | - | नायव प्रमुख कार्यकारी अधिकृत |
| (४) श्री मुकुन्द सुवेदी | - | नायव महाप्रवन्धक |
| (५) श्री विनोद कुमार शर्मा | - | नायव महाप्रवन्धक |
| (६) श्री लक्ष्मी प्रसाद दुवाल | - | का.मु. सहायक महाप्रवन्धक |
| (७) श्री रमेश सापकोटा | - | प्रमुख, सञ्चालन अधिकृत |
| (८) श्री राज कुमार श्रेष्ठ | - | प्रमुख, वित्त तथा योजना विभाग |
| (९) श्री सागर खड्का | - | वित्त तथा योजना विभाग |
| (१०) श्री दुर्गा प्रसाद पाण्डे | - | शेयर विभाग |
| (१२) श्री अजय घिमिरे | - | कम्पनी सचिवको सचिवालय |

६) **गणपुरक संख्या:**

| जम्मा बिक्री भएको शेयर | १०,३१,४५,१६७ कित्ता | | |
|---|---|---|---|
| (क) उपस्थित संस्थापक शेयरधनीहरूको संख्या | स्वयं | प्रतिनिधि (प्रोक्सी) मार्फत | जम्मा |
| | ५ | २८७ | २९२ |
| (ख) उपस्थित सर्वसाधारण शेयरधनीहरूको संख्या | १९ | २,२५३ | २,२७२ |
| **जम्मा (क + ख)** | २४ | **२,५४०** | **२,५६४** |
| (ग) उपस्थित शेयर संस्थापक संख्या | ४,२०,७३,९७९ | | |
| (घ) उपस्थित शेयर सर्वसाधारण संख्या | १,४९,०१,५६१ | | |
| **जम्मा उपस्थिति (ग + घ)** | **५,६९,७५,५४०** | | |
| **वार्षिक साधारण सभामा उपस्थित शेयरधनीहरूको शेयर प्रतिशत** | | | **५५.२३** |

७) **सभाको वैधानिकता :**

(क) बैंकका कम्पनी सचिवले बैंकका चौबीसौं वार्षिक साधारण सभामा प्रत्यक्ष उपस्थित तथा ZOOM मार्फत सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट हार्दिक स्वागत गर्नुहुँदै, कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) एवं बैंकको नियमावली बमोजिम प्रथम पटक मिति २०७७ पौष ४ गतेको कारोबार राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७७ पौष ८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी वार्षिक साधारण सभा बस्ने व्यहोराको जानकारी दिईएको बारे सभालाई जानकारी गराउनु भयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ अनुरूप सभाको लागि गणपुरक संख्याका सम्बन्धमा बैंकको कुल बिक्री भएको शेयर संख्या १०,३१,४५,१६७ मा शेयरधनी पुस्तिकामा स्वयं २४ जना, भर्च्यूअल (Virtual) तथा प्रतिनिधि (प्रोक्सी) मार्फत २,५३० जना शेयरधनीहरूबाट जम्मा ५,६९,७५,५४० कित्ता शेयरको प्रतिनिधित्व रहेको र उक्त उपस्थिति ५५.२३ प्रतिशत रहेको भनी बैंकको शेयर रजिष्ट्रार श्री सनराइज क्यापिटल लिमिटेडबाट उपलब्ध गराए बमोजिम कम्पनी सचिवबाट सो कुरा सभा समक्ष जानकारी गराउनु भयो । उक्त जानकारी पश्चात् सभाका अध्यक्षबाट कम्पनी ऐन, २०६३ दफा ६७ उपदफा (२) बमोजिमको सूचना अनुसार दफा ७३ उपदफा २ बमोजिम गणपुरक संख्या पुगेकोले प्रचलित ऐन कानून बमोजिम सभा वैधानिक भएको घोषणा गरी सभाको काम कारवाही अगाडि बढाउन निर्देशन दिनु भयो ।

८) **सभाको सभापति, आसन ग्रहण र प्रतिवेदन प्रस्तुत :**

साधारण सभा सम्पन्न गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र बैंकको नियमावलीको नियम ६ (१) बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने व्यवस्था

भए अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष **श्री उपेन्द्रकेशरी न्यौपानेको अध्यक्षतामा** बसी वार्षिक साधारण सभा शुरू भई सभाको विषय सूची अनुसार सभाको काम कारवाही प्रारम्भ भयो ।

**९) छलफल तथा निर्णयहरू :**

**(९.१) अध्यक्ष श्री उपेन्द्रकेशरी न्यौपानेले सञ्चालक समितिको चौबीसौ वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुभयो ।**

**(९.२) वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण :**

अध्यक्षले सभाको निर्धारित विषय सूची बमोजिम सञ्चालक समितिको चौबीसौं वार्षिक प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब किताब, नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू सहितको वित्तीय विवरण प्रतिवेदनमा संलग्न गरिएको हुँदा प्रस्तुत गरेको विवरण उपर छलफल गरी पारित गर्नको लागि आ-आफ्नो विचार, जिज्ञासा र सुझाव राख्न ईच्छुक शेयरधनी महानुभाहरूलाई आव्हान गर्नुभयो ।

**१०) छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरू :**

अध्यक्षले शेयरधनीहरूलाई छलफलका लागि आव्हान गरे पश्चात सभामा निम्न शेयरधनी महानुभावहरूले आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न इमेल वा टेलिफोन मार्फत नाम टिपाई ZOOM-Online मार्फत आफ्नो राय तथा सुझावहरू दिनुभयो ।

**(१०.१) श्री अमृतनाथ रेग्मी**

शेयरधनी श्री अमृतनाथ रेग्मीले यस बैंक स्थापनाको २५औं वर्ष पुगेको र यस अवधिमा बैंकले गरेको प्रगतिको लागि सञ्चालकहरु तथा कर्मचारीवर्गमा धन्यवाद दिन चाहन्छु भन्नुहुँदै वार्षिक प्रतिवेदनमा रहेको राम्रा पक्ष र कमजोर पक्षको सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।

बैंकले जनरल रिजर्भ बढाउने, बैंकको NII नराम्रो नरहेको भएता पनि यसलाई बढाउनु पर्ने । Off Balance Item अनुपात ७०:३० रहेकोले यसलाई ६०:४० को अनुपातमा कायम गर्न सकेमा थप राम्रो हुने भएकोले सो तर्फ ध्यानाकर्षण गराउँदछु भन्नुभयो । बैंकको कुल आम्दानीको चौवन्न प्रतिशत खर्च देखिएको छ । पचास प्रतिशत भन्दा बढी खर्चहुनु राम्रो नमानिने भएकोले यसलाई घटाउन बैंकले आम्दानी बढाउने तर्फ लाग्नुपर्‍यो भन्नुहुँदै अध्यक्षज्यूले आफ्नो मन्तव्यमा Merger समितिले आन्तरिक रुपमा कार्य गर्दै गरेकाले बैंक मर्ज गर्न आवश्यक देखिई मर्ज हुँदा शेयरधनी, कर्मचारीवर्ग लगायत सबै पक्षको हित हुनेगरी गर्नुपर्नेमा जोड दिनुभयो ।

(१०.२) **श्री अशोक उप्रेती :**

बैंक स्थापनाको २५औ पुगेकोमा सर्वप्रथम सञ्चालक समिति तथा कर्मचारीवर्गमा हार्दिक धन्यवाद दिन चाहन्छु । यस अवधिसम्ममा बैंकले सन्तोषजनक उपलब्धी हासिल गरेको । बैंकको भवनको अभावमा विभागहरु सञ्चालनमा कठिनाई हुने भएकोले बैंकले आफ्नो कर्पोरेट हाउस बनाउनु पर्‍यो ।

कोभिडको चाँडै नै अन्त्य हुने र बैंकले आगामी दिनमा थप प्रगति गर्नेछ भन्नुहुँदै एनसीसी बैंकले शेयरधनी प्रति गरेको व्यवहारले आफू प्रभावित भएको भन्नुहुँदै आफ्नो अस्तित्व रहने गरी विगतमा मर्जरमा पाएको धोकाबाट शिक्षा लिएर मर्ज सम्बन्धी कार्यगर्न अनुरोध गर्दछु भन्नुभयो ।

(१०.३) **श्री दिपक रत्न शाक्य**

यस बैंकले समयमा नैं साधारण सभा सम्पन्न गर्न सफल हुनु, निक्षेप संकलनमा गतवर्षको भन्दा ४० प्रतिशत र कर्जा लगानीमा ४५ प्रतिशतले बृद्धिगरी अति व्यापार गर्ने कमर्सियल बैंकहरुमा ५औं स्थानमा उक्लन सफल हुनु, NPL लाई ५ प्रतिशतबाट झण्डै १ प्रतिशतमा झार्न सफल हुनु बैंकको राम्रा पक्ष हुन् भन्दै यस बैंकमा विगतमा भएको कमी कमजोरी अब नदोहोरिने र आगामी दिनमा बैंकको भविष्य उज्वल हुँदै जाने कुरामा हामी विश्वस्त हुने अवस्था रहेकोले सो कार्यका लागि सञ्चालक समिति लगायत सम्पूर्ण पक्षलाई धन्यवाद दिन चाहन्छु ।

बैंकले Broker को काम गर्न पाउने व्यवस्थाको लागि अन्य बैंकसंग मिलेर Broker लिने कार्यको लागि सहकार्य गर्नुपर्ने । मर्ज प्राथमिकतामा हो भने जग्गा किन्ने, शाखा विस्तार गर्ने र बैंकमा नयाँ Software खरिद नगरौ । स्थानीय तहसंग मिलेर बैंकको व्यवसाय विस्तार गर्न, NBA र NPA मा रहेको सम्पत्ती मर्जहुनु पहिला नै बेच्न र गतवर्ष जस्तै Bonus Share लाई छिटो listing गर्न सुझाव दिनुभयो । साथै आगामी वर्षमा २५ प्रतिशत बोनस शेयर वितरण गर्ने गरी अगाडि बढ्न सुझाव दिनुभयो ।

(१०.४) **श्री जेन श्रेष्ठ**

सर्वप्रथम बैंकको NPA घटेको र ८ प्रतिशत बोनस शेयर वितरण गरेकोमा धन्यवाद भन्नुहुँदै आगामी दिनहरुमा नगद लाभांश पनि दिनुपर्‍यो । Modern Banking सहित Banking Operation चुस्त हुनुपर्‍यो साथै विदेशी लगानीलाई प्राथमिकता दिनुपर्‍यो भन्नुहुँदै मर्जरमा आफ्नो अस्तित्व र कर्मचारीको व्यवस्थापनमा समेत चनाखो हुनुपर्ने भन्नुभयो ।

(१०.५) **श्री पुण्य प्रसाद अर्याल**

बैंकको सफलताको शुभ कामना व्यक्त गर्दछु । बैंकको भावी योजनामा बेरोजगारीलाई रोजगार दिने कर्जा लगानी योजना बनाएर शुरुवात यस बैंकले नै गरोस् । सामाजिक

उत्तरदायित्व अन्तर्गत बृद्ध र अपांगताको क्षेत्रमा लगानी गर्दा सहयोग हुनेछ । सेवामा लगानी गरी Online माध्यमबाट बौद्धिक सम्पत्तीलाई अन्तराष्ट्रिय बजारमा बिक्री गर्ने कार्यको लागि व्यवस्थापनको कार्य गर्नेतर्फ बिचार गर्न अनुरोध गर्नुभयो ।

**(१०.६) श्री निर्मल प्रधान**

सर्वप्रथम यस साधारण सभामा आफ्नो राय सुझाव राख्ने अवसर प्रदान गरिदिनु भएकोमा सञ्चालक समिति लगायत यस सभाको आयोजकलाई धन्यवाद दिन चाहन्छु भन्नुभयो ।

हामीले हालसम्म सोचेजस्तो प्रतिफल प्राप्त गर्न सकेका छैनौं तापनि हाल बैंकले गरेको Growth को लागि सञ्चालक समिति लगायत सम्बन्धित सबैलाई धन्यवाद दिन चाहन्छु भन्नुहुँदै प्रतिवेदनमा अध्यक्षज्यूले उल्लेख गरे बमोजिम काम गरेर देखाउनुस् । बैंकको कमी कमजोरीलाई पत्ता लगाएर अगाडि बढ्नुपर्छ । कर्जा असुलीमा बिशेष ध्यान केन्द्रित गरेर अगाडि बढ्न र आगामी वर्षमा कम्तीमा १५ प्रतिशत बोनस शेयर वितरण गर्ने कुराको प्रतिवद्धता यसै साधारण सभामा गरिदिनुहुन पर्‍यो भन्नुभयो ।

नविल बैंकसंग मर्जर नहुनु र विगतमा बैंकले आफ्नो लक्ष्य पूरा गर्न नसक्दा धेरै शेयरधनीहरुले घाटा व्यहोर्नु परेकोछ । NBA तथा NPA का घरजग्गा बिक्री गर्न हामी शेयरधनी मिलेर सहयोग गर्नेछौं । तसर्थ आगामी दिनहरुमा शेयरधनीलाई न्यूनतम १५ प्रतिशत बोनस शेयर वितरण गरिने कुराको यसै साधारण सभामा व्यवस्थापन तथा सञ्चालक समिति दुवैबाट प्रतिवद्धता जाहेर गरिदिन अनुरोध गर्नुभयो । बैंकले साधारण सभाको सूचना प्रकाशित गरिसकेपछि सञ्चालक समितिमा पेश गरेको निवेदनको सम्बन्धमा भन्नुहुँदै हामीलाई प्रत्येक वर्ष कम्तीमा १५ प्रतिशत लाभांश दिएमा हामीले मर्जलाई प्राथमिकतामा नराख्ने गरेको अन्यथा सञ्चालक समितिले समयमा नै निर्णय लिई मर्जरको प्रक्रिया अगाडि बढाउनु पर्ने भन्नुभयो ।

**(१०.७) श्री शिव प्रसाद पौडेल**

यस सभाको सफलताको कामना गर्दै ८ प्रतिशत बोनस शेयर वितरण गर्नु भएकोमा धन्यवाद । गत वर्ष जस्तै २ हप्ता भित्रै शेयर Listing गर्नुहोला भन्नुहुँदै बैंकको System Upgrade गर्दै बैंकको प्रचार प्रसार गर्न विज्ञापनमा जोड दिनुपर्‍यो । सामाजिक उत्तरदायित्व अन्तर्गत रकम वितरण गर्नुको सट्टामा शिक्षा क्षेत्रमा पुस्तक, कापी कलम किनेर नै दिनुपर्‍यो । Win Win किसिमको मर्जरमा जाऔं जथाभावी नजाऔं । NBA तथा NPA का घरजग्गा लिलामी मार्फत सकेसम्म छिटो बिक्री गरौं भन्दै वैदेशिक लगानी र शाखा विस्तार सम्बन्धमा थप जिज्ञासा राख्नुभयो । वार्षिक प्रतिवेदनमा संस्थापक समुह र सर्वसाधारण समुहबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको विवरण स्पष्ट उल्लेख भएको भए अझ राम्रो हुने थियो भन्नुहुँदै आगामी वर्षमा कम्तीमा १५ प्रतिशत बोनश वितरण गर्ने सफल हुनुहोस् भन्नुभयो ।

(१०.८) श्री डमरू वल्लभ घिमिरे

अबका दिनमा बैंकले पौष १५ गते भित्र सम्ममा साधारण सभा गर्नुपर्‌यो । सभा शुरूहुने समय सबै बैंकहरुले ११.०० बजे राख्ने भएकोले अधिकतम् शेयरधनीहरुले सहभागिता जनाउन नसक्ने अवस्थालाई मनन् गर्दै अधिकतम् सहभागिताको लागि आगामी वर्ष देखि साधारण सभाको समय २-३ बजेतिर राखौं भन्नुभयो । यस बैंक स्थापना भएको २५ वर्ष पूरा भइसकेकोले यस अवसरमा म यस बैंकका संस्थापक शेयरधनीज्यू श्री जित बहादुर श्रेष्ठ लगायत जसले यस बैंकको स्थापना गर्नुभयो उहाँहरुलाई र पूर्व सञ्चालकहरु सबैलाई धन्यबाद दिन चाहन्छु भन्नुभयो । २५औं वार्षिक (रजत) महोत्सव राम्रोसंग मनाऔं बैंक आफै सक्षम बनौं, सके अरु बैंकलाई मर्जर गरेर ल्याऔं, यदि जानैपर्ने भएमा यस बैंकको अस्तित्व कायम रहने गरी जाऔं । शेयरधनी श्री निर्मल प्रधानज्यूको कुरामा आफू समेत सहमत रहेको भन्नुहुँदै यस सभाले पारित गरेको बोनस शेयर लिस्टिङ्ग पनि चाँडै नै हुनेमा म विश्वत छु भन्नुभयो ।

(१०.९) श्री एल्सन श्रेष्ठ

८ प्रतिशत बोनस शेयर वितरण गरेकोमा धन्यवाद भन्नुहुँदै मर्जरको कुरा चलेपनि Performance पनि राम्रो गर्दै जानुपर्छ आगामी वर्षमा १५ प्रतिशत बोनस शेयर दिनु भएमा हामी मर्जरमा नै जानुपर्छ भन्ने छैन लगानीकर्तालाई चाहिने भनेको प्रतिफल नै हो भन्नुहुँदै बैंकलाई कस्तो सहयोग चाहिन्छ हामी सदैव सहयोग गर्न तयार छौं भन्नुभयो । आगामी दिनमा हामी शेयरधनीहरुलाई बैंकले आकर्षक प्रतिफल दिन सफल हुनेछ भन्दै साधारण सभाको सफलताको लागि शुभकामना भन्नुभयो ।

(१०.१०) श्री सृजना तिमिल्सिना

प्रतिकूल परिस्थितिका वावजुद पनि ८ प्रतिशत बोनस शेयर बाँडेकोमा धन्यवाद । बैंकलाई आउँदो ५ वर्ष भित्रमा आफ्नो भवनमा साधारण सभा सम्पन्न गर्ने सफलता मिल्नेमा आफू विश्वस्त रहेको भन्नुहुँदै बैंकले उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्छ । सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्चलाई समष्ठिगत रुपमा सबै बैंकहरुले एकै क्षेत्रमा खर्चगरे उक्त क्षेत्रको समेत उल्लेख्य सुधार हुने हुदाँ त्यसतर्फ समेत ध्यानाकर्षण गराउँदछु । बैंकले शाखा विस्तार गरी स्तरीय बैंकिङ्ग सेवा विस्तार गर्ने गरेको निर्णयलाई म ज्यादै राम्रो मान्दछु साथै उचित स्थानहरुबाट Extention Counter मार्फत सेवा दिनु उचित हुनेछ । कर्जा असुलीको क्षेत्रलाई प्राथमिकतामा राखेकोमा खुशी लाग्यो तर कर्जा लगानीलाई आफ्नो प्राथमिकतामा राख्नुहोला । कर्जा लगानी गर्न गाह्रो छ त्यसको तुलनामा कर्जा असुली सजिलो हुन्छ भन्ने सोचका साथ कर्जा लगानी गर्नुपर्दछ भन्नुहुँदै साधारण सभाको सफलताको कामना गर्नुभयो ।

(१०.११) श्री लक्ष्मी बहादुर श्रेष्ठ

यस सञ्चालक समिति निर्वाचित भएपछि सम्पन्न भएको प्रथम तथा बैंकको २४औं वार्षिक साधारण सभामा सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरुलाई सफलताको कामना

गर्नुभयो । बैंक प्रगतिको गतिमा अगाडि बढेकोछ । कर्जा असुली राम्रो भएकोछ । NBA र NPA घट्दै आएको छ । बैंक भनेको Service Sector हो हाम्रो मेसिनरी भनेको Manpower नै हो, त्यो अति उत्तम छ हामी भित्रबाट नैं हामीले प्रमुख कार्यकारी अधिकृत उत्पादन गरेका छौं जसले अहिले यस बैंकलाई राम्रोसंग सञ्चालन गरिरहनु भएको छ । हामीबाट उत्पादन भएका कति कर्मचारीहरु अन्य बैंकमा प्रमुख कार्यकारी अधिकृत समेत भईसकेका छन् । अहिले बैंक धेरै पक्षमा सफल भई सकेकोछ तसर्थ विगतमा भएका मर्जबाट शिक्षालिँदै बैंकको अबको नीति मर्ज भन्दा पनि "बैंकको प्रगति र सफलता" हुनुपर्नेमा जोड दिँदै आगामी दिनमा आकर्षक प्रतिफल बैंकले दिनेमा आफू विश्वस्त रहेको र बैंकको प्रगति र सफलताको अभियानमा बैंक सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृतलाई हाम्रो साथ र सहयोग रहेकोछ भन्नुभयो ।

**(१०.१२) यस २४औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै आदरणीय शेयरधनी श्री उद्धव प्रसाद धिमिरे, श्री गुणराज भट्ट, श्री नर्सिह लाल चंखु, श्री सुनिता भट्टराई, श्री ब्रम्हदेव शाक्य, श्री कृष्ण प्रसाद अधिकारी र श्री सत्रुघ्न श्रेष्ठज्यूहरुले आफ्नो लिखित राय सुझाव उपलब्ध गराउनु भएको ।**

**११) प्रमुख कार्यकारी अधिकृत श्री रमेशराज अर्यालज्यूले साधारण सभामा उठेका विषयमा निम्न बमोजिम स्पष्ट पार्नुभयो ।**

सर्वप्रथम यस २४औं वार्षिक साधारण सभामा सक्रियरुपमा सहभागिता जनाउनुहुने सम्पूर्ण आदरणीय शेयरधनी तथा यस सभामा आफ्नो अमूल्य राय सुझाव तथा जिज्ञासा राख्नुहुने आदरणीय शेयरधनी महानुभावहरुलाई सर्वप्रथम हार्दिक धन्यवाद दिँदै उहाँहरुले राख्नुभएको जिज्ञासाको सम्बन्धमा नदोहोरिने गरी निम्न कुराको जानकारी गराउँछु भन्नुभयो । आदरणीय शेयरधनी श्री अमृत नाथ रेग्मीज्यूले उठाउनु भएको Fund Base र Non Fund Base Income, बढी खर्च, आदरणीय शेयरधनी श्री दिपकरत्न शाक्यज्यू, श्री निर्मल प्रधानज्यू, श्री लक्ष्मी बहादुर श्रेष्ठ लगायतका शेयरधनीज्यूहरुले यस सभा मार्फत प्रदान गर्नु भएको विशिष्ट, राय सल्लाह र सुझावलाई आगामी दिनमा समाधान गर्दै जानेमा यहाँहरुलाई बिश्वास दिलाउँदछौं भन्नुभयो ।

सर्वसाधारणको निक्षेपलाई नेपाल राष्ट्र बैंकको निर्देशन पालना गर्दै परिचालन गरी, सम्पूर्ण मेसिनरीको प्रयोग गरेर नीति नियमको अधिनमा रही बैंकिङ्ग क्षेत्रमा रहेका चुनौतीहरुलाई विश्लेषण गरेर बैंक अगाडि बढ्ने नै छ । शेयरधनी महानुभावहरुले प्रतिवद्धता माग गरे अनुसार हामी बढीभन्दा बढी प्रतिफल दिने वचनवद्धता व्यक्त गर्दछौं । Net Interest Income बढाउन नेपाल राष्ट्र बैंको निर्देशन अनुसार कठिन छ । तापनि हामीले निष्क्रीय कर्जा तथा गैर बैंकिङ्ग सम्पत्ति समेतको व्यवस्थापन गरी यस चालू आर्थिक वर्षको बजेटमा २० प्रतिशत लाभांश वितरण गर्ने लक्ष्य राखेका छौं । नीति नियम सकारात्मक रही अनुकूल परिस्थिति रहीरहेमा शेयरधनी महानुभावहरुलाई १५ प्रतिशत प्रतिफल प्रदान गर्नेतर्फ प्रतिवद्ध रहेका छौं । मर्जरको विषयमा आएका सुझावहरु सम्बोधन भईसकेको छ । सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आफ्नो र बैंक सम्पूर्ण कर्मचारीहरुको तर्फबाट धन्यवाद दिनुभयो ।

१२) **अध्यक्ष श्री उपेन्द्रकेशरी न्यौपानेज्यूबाट शेयरधनीबाट उठाएका जिज्ञासाहरूको जवाफ :**

विश्वभर फैलिएको कोभिड-१९ को महामारीबाट आज पनि हाम्रो भौतिक दूरी बढ्न गएकोछ । कोभिड-१९ को महामारीकै कारण गत वर्षको साधारण सभामा जस्तै यस साधारण सभामा पनि प्रत्यक्ष रूपमा उपस्थिति हुने अवस्था नरहेकोले बैंकको यस २४औं वार्षिक साधारण सभा पनि भर्च्यूअल रूपमा सम्पन्न गर्नुपर्ने हाम्रो वाध्यता हो । यद्यपि साधारण सभाको वैधानिकताका लागि प्रोक्सी प्राप्त गरी आफै उपस्थित हुनु भएका शेयरधनी महानुभावहरूलाई कुनै असुविधा भएको भए समयको असहजताको रूपमा मनन् गरी हामीलाई क्षमा गरिदिनु हुनेछ भन्नुभयो ।

शेयरधनीहरूलाई यस वर्ष पनि गत वर्ष जस्तै प्रत्यक्ष उपस्थित गराउन नसकेको यस विषम परिस्थितिमा पनि उपयुक्त विकल्पको खोजी र पहिचान गर्दै भर्च्यूअल माध्यमबाट साधारण सभा सम्पन्न गरी शेयरधनीहरूलाई गत वर्षको प्रतिफल दिन गरिएको प्रयत्नलाई सम्पूर्ण शेयरधनीहरूबाट सकारात्मक रूपमा लिइदिनु भएकोमा शेयरधनीहरू एवं बैंक व्यवस्थापन, निक्षेपकर्ता, कर्जा लिई बैंकलाई सहयोग पुऱ्याउनुहुने सबै व्यक्तित्वलाई आभार व्यक्त गर्न चाहान्छु ।

आदरणीय शेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई शिरोधार्य गर्दै मर्जर समितिले शेयरधनी तथा कर्मचारीहरुको हकहितलाई सुरक्षित रहन सक्नेगरी समान हैसियत, मूल्य प्राप्त हुने भएमा बैंक विगतमा भएको मर्जबाट उचित शिक्षा लिई मर्जमा जान तयार रहेको र मर्जर समितिले सोही नीतिलाई अवलम्वन गरी आफ्नो कार्य थालनी समेत गरिरहेको छ बैंकले नियमित रुपमा गर्ने कार्यहरु जस्तै शाखा विस्तारको कार्य, बैंकमा रहेका प्रबिधिको स्तरोन्नती गर्ने, उद्यमीहरुलाई गरिने सम्मान र सद्भावपूर्ण व्यवहार, ग्रामिण क्षेत्रमा गरिने लगानीलाई प्राथमिकतामा राखेर बैंक अगाडि बढ्नेछ भन्नुभयो ।

अन्त्यमा यस परिस्थितिमा साधारण सभा गर्नु चुनौती भएता पनि तपाई शेयरधनीहरूको सहयोग र सकारात्मक सोचबाट प्रोक्सी उपलब्ध गराउनु हुने, बैंकका प्रमुख लगानीकर्ताहरू सकारात्मक सन्देश प्रवाह गर्ने कार्यबाट हामी वर्तमान सञ्चालक समिति अत्यन्त खुशी भएका छौं । नीति नियम सकारात्मक रही अनुकुल परिस्थिति रहीरहेमा शेयरधनी महानुभावहरुलाई १५ प्रतिशत प्रतिफल प्रदान गर्न हामी प्रतिवद्ध छौं र सोही अनुसार बैंक व्यवस्थापनले कार्य गरिरहेको जानकारी गराउँदछौं भन्नुभयो ।

१३) **प्रस्ताव तथा निर्णय :**

अध्यक्षबाट शेयरधनी महानुभावहरूबाट उठाईएका विषय एवं जिज्ञाशा उपरको जवाफ पश्चात् साधारण सभामा पेश भएका विषय सूची अनुसार निर्धारित प्रस्ताव उपर आवश्यक निर्णयार्थ पेश गर्नु अगाडि सभा सञ्चालन र निर्णयका लागि प्रचलित कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा ३ बमोजिम सभामा निर्णयार्थ पेश हुने विषयहरू पारित गर्दा अवलम्वन गरिने विधिहरू मध्ये ध्वनी मत, ताली मत, हात उठाउन लगाउने वा मतदान गर्ने कुन विधि अपनाउँदा उपयुक्त हुन्छ भनी सभा समक्ष अध्यक्षले प्रस्ताव गर्दा **हालको विश्वव्यापी कोभिड-१९ का कारण भर्च्यूअल माध्यमबाट आफ्नो मत**

जाहेर गर्दा हुन्छ भनी भन्दा ध्वनी उपयुक्त हुने भएकोले सबै शेयरधनीबाट सभाको निर्णय ध्वनी मत प्रयोग गरी प्रस्ताव पारित भएको घोषणा गरियोस् भन्ने पक्षमा रहनु भएको हुँदा ध्वनी मत जाहेर गर्ने पक्षमा अत्यधिक शेयरधनी सदस्यहरू रहेको देखिएकोले साधारण सभामा निर्णयार्थ पेश भएका प्रस्तावहरू ध्वनीमत विधि प्रयोग गरी निर्णय गरिने व्यहोरा अध्यक्षले सभालाई जानकारी सहित प्रस्ताव पेश गर्नुभयो ।

(क) साधारण प्रस्तावहरु

(१) **सञ्चालक समितिको चौबीसौं वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

निर्णय

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री उपेन्द्रकेशरी न्यौपानेले सभामा प्रस्तुत सञ्चालक समितिका चौबीसौं वार्षिक प्रतिवेदन सभा समक्ष निर्णयार्थ पेश हुँदा उपस्थित सम्पूर्ण शेयरधनीहरूले ध्वनी मत दिनु भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ७४ (३) बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

(२) **आर्थिक वर्ष २०७७/०७८ को लेखापरीक्षकको प्रतिवेदन सहित वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू समेतको एकीकृत वित्तीय विवरण पारित गर्ने सम्बन्धमा ।**

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू समेतको वित्तीय विवरण सभा समक्ष पारितका लागि पेश गरियो ।

साधारण सभाको विषय सूचीको प्रस्ताव नं. (क) २ अन्तर्गतको आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू सहितको एकीकृत वित्तीय विवरण पारितका लागि सभा समक्ष पेश हुँदा प्रस्तावको पक्षमा उपस्थित सम्पूर्ण शेयरधनीहरूले ध्वनी मत सहित समर्थन गर्नु भएकोले आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत संलग्न अनुसूचीहरू सहितको वित्तीय विवरण कम्पनी ऐन, २०६३ को दफा ७४ (३) बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

(३) **कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

निर्णय

आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्न र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षक नियुक्तिका लागि **श्री प्रधान एण्ड शाक्य एसोशिएट्स्, चार्टर्ड एकाउन्टेण्टस्को प्रस्ताव र निजको पारिश्रमिक सिफारिश गरे अनुसार श्री प्रधान एण्ड शाक्य एसोशिएट्स्, चार्टर्ड** एकाउन्टेण्टस्लाई आर्थिक वर्ष २०७८/७९ का लागि लेखापरीक्षक नियुक्ति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गरियो ।

**साधारण सभाको विषय सूचीको प्रस्ताव नं. (क) ३ अन्तर्गतको कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा प्रस्तावको पक्षमा उपस्थित सम्पूर्ण शेयरधनीहरूले ध्वनी मत सहित समर्थन गर्नु भएकोले आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण कार्यका लागि श्री प्रधान एण्ड शाक्य एसोशिएट्स्, चार्टर्ड एकाउन्टेण्टस्लाई लेखापरीक्षकमा नियुक्ति गर्ने र पारिश्रमिक रू. १६,९५,०००।- (अक्षरेपी सोह्र लाख पन्चानब्बे हजार मात्र) (मूल्य अभिवृद्धि कर, कर लेखापरीक्षण, कम्पनी ऐन दफा ७८ को विवरण, संस्थागत सुशासन प्रतिवेदन, लङफर्म लेखापरीक्षण, यातायात, दैनिक तथा पकेट खर्च सहित) तोकिएको बारे कम्पनी ऐन, २०६३ को दफा ७४ (३) बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।**

(४) यसै साधारण सभाको विशेष प्रस्तावको (ख) १ अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजीको ८ प्रतिशत बोनस शेयर जारी गर्ने प्रस्ताव पेश भए अनुसार उक्त बोनस शेयर वितरण गर्दा लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ प्रतिशतले हुन आउने रू.४,३४,२९,५४४।- नगद लाभांश वितरण गर्न प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

निर्णय

**यसै साधारण सभाको विशेष प्रस्तावको (ख) १ अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजी रू. १०,३१,४५,१६,६८०।- को ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- को बोनस शेयर जारी गर्दा प्रचलित नियमानुसार लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ प्रतिशतले हुन आउने रू. ४,३४,२९,५४४।- नगद लाभांश वितरण गर्ने प्रस्ताव सभा समक्ष पेश हुँदा प्रस्तावको पक्षमा उपस्थित सम्पूर्ण शेयरधनीहरूले ध्वनी मत सहित ताली बजाएर समर्थन गर्नु भएकोले बोनस शेयर जारी गर्दा प्रचलित नियमानुसार लाग्ने कर प्रयोजनका लागि चुक्ता पूँजीको ०.४२ प्रतिशतले हुन आउने रू. ४,३४,२९,५४४।- नगद लाभांश वितरण गर्ने प्रस्ताव कम्पनी ऐन, २०६३ को**

**दफा ७४ (३) बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।**

**(ख) विशेष प्रस्तावहरु**

**(१) आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गर्ने । साथै, बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने सम्बन्धमा ।**

<u>निर्णय</u>

विशेष प्रस्ताव नं. (ख) १ अन्तर्गतको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट चुक्ता पूँजीको ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- को बोनस शेयर जारी गर्ने र बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव सभा समक्ष पेश हुँदा सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरूले प्रस्तावको पक्षमा ध्वनी मत सहित समर्थन गर्नु भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा ३ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था अनुसार आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट बैंकको हाल कायम चुक्ता पूँजी रू. १०,३१,४५,१६,६८० को ८ प्रतिशतले हुन आउने रू. ८२,५१,६१,३३४।- बराबर रकमको बोनस शेयर जारी गर्ने र बोनस शेयर जारी पश्चात कायम हुने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने विशेष प्रस्ताव पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

**(२) बैंकको प्रबन्धपत्रमा देहाय बमोजिम संशोधन गर्ने ।**

२.१ प्रबन्धपत्रको दफा ५ मा रहेको पूँजीगत संरचनामा देहाय बमोजिम संशोधन गर्ने ।

(क) बैंकको अधिकृत पूँजी रू. ११,५०,००,००,०००।- (अक्षरेपी एघार अर्ब पचास करोड मात्र) पुऱ्याउनु पर्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

(ग) बैंकको चुक्ता पूँजी वृद्धि गरी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) पुग्ने भएकोले सोही बमोजिम संशोधन गर्ने ।

## प्रबन्धपत्रमा संशोधन प्रस्ताव

| हालको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **५. बैंकको पूँजीको संरचना:** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- | **५. बैंकको पूँजीको संरचना:** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- | |
| क) बैंकको अधिकृत पूँजी रू. १०,५०,००,००,०००।- (अक्षरेपी दश अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले १०,५०,००,०००।- थान साधारण शेयरमा विभाजित गरिएको छ । | क) बैंकको अधिकृत पूँजी रू. ११,५०,००,००,०००।- अक्षरेपी एघार अर्ब पचास करोड हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले ११,५०,००,०००।- थान साधारण शेयरमा विभाजित गरिएको छ । | आर्थिक वर्ष २०७७/७८ मा ८ प्रतिशत वोनस शेयर जारी गरे पश्चात जारी पूँजी र चुक्ता पूँजी रू.११,१३,९६,७८,०१४।- पुग्दा अधिकृत पूँजी भन्दा जारी पूँजी र चुक्ता पूँजी बढी हुने भएकोले अधिकृत पूँजी बढाउनु परेको । |
| ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू.१०,३१,४५,१६,६८०।- (अक्षरेपी दश अर्ब एक्तीस करोड पैंतालीस लाख सोह्र हजार छ सय असी) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले १०,३१,४५,१६७ (दश करोड एक्तीस लाख पैंतालिस हजार एक सय सतसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले ११,१३,९६,७८० (एघार करोड तेह्र लाख छयान्नब्बे हजार सात सय असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आर्थिक वर्ष २०७७/७८ मा ८ प्रतिशत बोनस शेयर जारी गरिएको र बोनश शेयर जारी गरे पश्चात् बैंकको जारी पूँजी पनि बृद्धि हुने भएकोले सो बमोजिम मिलाउन आवश्यक भएकोले । |
| ग) बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी रू.१०,३१,४५,१६,६८०।- (अक्षरेपी दश अर्ब एकतीस करोड पैंतालीस लाख सोह्र हजार छ सय असी) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले १०,३१,४५,१६७ (दश करोड एकतीस लाख पैंतालीस हजार एक सय सतसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ग) बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले ११,१३,९६,७८० (एघार करोड तेह्र लाख छयान्नब्बे हजार सात सय असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | आर्थिक वर्ष २०७७/७८ मा ८ प्रतिशत बोनस शेयर जारी गरिएको र बोनश शेयर जारी गरेपश्चात् बैंकको चुक्ता पूँजी पनि बृद्धि हुने भएकोले सो बमोजिम मिलाउन आवश्यक भएकोले । |

## निर्णय

बैंकको प्रबन्ध पत्रको दफा ५ अन्तर्गतको पूँजीगत संरचनामा बैंकले आर्थिक वर्ष २०७७/७८ को मुनाफाबाट ८ प्रतिशत बोनस शेयर जारी गर्दा बैंकको जारी पूँजी र चुक्ता पूँजी वृद्धि हुने साथै जारी पूँजी र चुक्ता पूँजी अधिकृत पूँजी भन्दा बढी हुने भएकोले सोही बमोजिम दफा ५ अन्तर्गतको (क), (ख) र (ग) को पूँजीगत संरचनामा संशोधन गर्न विशेष प्रस्तावको रूपमा सभा समक्ष पेश हुँदा सभामा उपस्थित तथा भर्च्यूअल माध्यमबाट सहभागी सम्पूर्ण शेयरधनीहरूले प्रस्तावको पक्षमा ध्वनीमत सहित समर्थन जाहेर गर्नु भएकोले प्रबन्धपत्रको दफा ५ अन्तर्गतको पूँजीगत संरचनामा संशोधन गर्ने निम्नानुसारको विशेष प्रस्ताव कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा ३ को प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

### प्रबन्धपत्रमा पारित संशोधन

| हालको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| **५. बैंकको पूँजीको संरचना:** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- | **५. बैंकको पूँजीको संरचना:** बैंकको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :- |
| क) बैंकको अधिकृत पूँजी रू. १०,५०,००,००,०००।- (अक्षरेपी दश अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले १०,५०,००,०००।- थान साधारण शेयरमा विभाजित गरिएको छ । | क) बैंकको अधिकृत पूँजी रू. ११,५०,००,००,०००।- (अक्षरेपी एघार अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १००।- का दरले ११,५०,००,०००।- थान साधारण शेयरमा विभाजित गरिएको छ । |
| ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू.१०,३१,४५,१६,६८०।- (अक्षरेपी दश अर्ब एक्तीस करोड पैंतालीस लाख सोह्र हजार छ सय असी मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले १०,३१,४५,१६७ (दश करोड एक्तीस लाख पैंतालीस हजार एक सय सतसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले ११,१३,९६,७८० (एघार करोड तेह्र लाख छयान्नब्बे हजार सात सय असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । |
| ग) बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी रू.१०,३१,४५,१६,६८०।- (अक्षरेपी दश अर्ब एकतीस करोड पैंतालीस लाख सोह्र हजार छ सय असी मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले १०,३१,४५,१६७ (दश करोड एकतीस लाख पैंतालीस हजार एक सय सतसठ्ठी) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ग) बैंकको तत्काल चुक्ता गर्ने शेयर पूँजी रू. ११,१३,९६,७८,०१४।- (अक्षरेपी एघार अर्ब तेह्र करोड छयान्नब्बे लाख अठहत्तर हजार चौध मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००।- का दरले ११,१३,९६,७८० (एघार करोड तेह्र लाख छयान्नब्बे हजार सात सय असी) थान साधारण शेयरमा विभाजन गरिएको छ । |

३) **बैंकको प्रबन्धपत्रमा भएका संशोधन सम्बन्धी विशेष प्रस्तावहरू सम्बन्धित नियामक निकायबाट स्वीकृति लिने क्रममा सम्बन्धित निकायको निर्देशन अनुसार फेरवदल, परिमार्जन, थपघट गर्नु परेमा सो कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्णय

सभाको विषय सूचीको विशेष प्रस्ताव नं. २ बमोजिम प्रबन्धपत्रको दफा ५ अन्तर्गत पूँजीगत संरचनाको (क), (ख) र (ग) मा संशोधन सम्बन्धमा विशेष प्रस्ताव आजको यसै सभाबाट पारित भएको र पारित भएका व्यवस्थाहरूलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १२८ बमोजिम नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने क्रममा वा कम्पनी ऐन बमोजिम साधारण सभाको निर्णय अभिलेख गर्ने क्रममा सम्बन्धित निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भए सोही बमोजिम प्रबन्धपत्र तथा नियमावलीका संशोधित व्यवस्थाहरू निर्देशन बमोजिम मिलाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभा समक्ष पेश हुँदा सभामा उपस्थित शेयरधनीहरूले प्रस्तावको पक्षमा ध्वनी मत सहित समर्थन जाहेर गर्नुभएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा ३ को प्रतिबन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

४) **नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज) वा प्राप्ति (एक्वीजिशन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी सहमति/सम्झौता गर्ने तथा सो सम्बन्धमा प्रचलित कानून, नियम अनुसार बैंकको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

निर्णय

नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०७७/७८ का लागि जारी मौद्रिक नीतिले बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने/गाभिने (मर्ज) वा प्राप्ती (एक्वीजिशन) गर्ने सम्बन्धमा लिएको नीतिगत व्यवस्था तथा उक्त नीतिगत व्यवस्था कार्यान्वयनका लागि नियामक निकाय नेपाल राष्ट्र बैंकले गरेको प्रोत्साहन एवं सुविधाहरू उपर छलफल गरी बैंक सञ्चालक समितिको निर्णयानुसार यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा गाभ्ने र गाभिने (मर्ज) वा प्राप्ति (एक्वीजिशन) गर्न/हुन तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त

मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने (मर्ज) वा प्राप्ति (एक्वीजिशन) गर्ने/हुने सम्बन्धी समझदारी पत्र/सम्झौता गर्न र सो प्रक्रिया पूरा गर्न आवश्यक पर्ने कार्य गर्न र निर्णयार्थ प्रचलित कानून बमोजिम साधारण सभा समक्ष पेश गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गरियोस् भन्ने प्रस्ताव सभा समक्ष पेश हुँदा उपस्थित एवं भर्च्यूअल माध्यमबाट सहभागी शेयरधनीहरूले प्रस्तावको पक्षमा ध्वनीमत सहित समर्थन जाहेर गर्नु भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा ३ को प्रतिवन्धात्मक वाक्यांशको व्यवस्था बमोजिम पारित भएको भनी कम्पनी ऐन, २०६३ को दफा ७४ (२) बमोजिम अध्यक्षले घोषणा गर्नुभयो ।

**(ग) विविध :**

विविध अन्तर्गत कुनै प्रस्ताव पेश नभएको ।

**१४) सभा विसर्जन :**

तत्पश्चात् अध्यक्षज्यूले लामो समयदेखि विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का असरबाट बच्न नेपाल सरकारले तोकेको मापदण्ड पालना गर्दै सूचना प्रविधिको प्रयोग गर्दै भर्च्यूअल माध्यमबाट यो साधारणसभा सफलताका साथ सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्ण शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., बैंक व्यवस्थापन एवं कर्मचारीहरू तथा सम्बद्ध निकाय, पदाधिकारीहरू एवं सबैलाई सहयोगको लागि आभार व्यक्त गर्नुभयो र सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**(बिश्वनाथ भट्टराई )**
**कम्पनी सचिव**

**(उपेन्द्रकेशरी न्यौपाने)**
**अध्यक्ष**
**सञ्चालक समिति**